म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ७० शुक्रबार, २२ असोज २०७८ द्वितीया ने. सं. ११४१ कौलाथ्व 8 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

महामारीको बेला चाडवाड मनाउँदा ध्यानदिनुपर्ने कुराहरु

- सम्भव भएसम्म बजार र आफन्तकोमा नजाऔं,
- सामान खरिद गर्न जानै परे भीडभाडबाट बचौं, भौतिक दुरी कायम गरौं,
- घरबाहिर निस्कनै परे मास्कको अनिवार्य प्रयोग गरौं,
- घर फर्किएपछि सकभर नुहाउने वा साबुनपानीले हात,मुख,गोडा राम्रोसँग धोऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### मउवा संघको नेतृत्वका लागि चुनावी सरगर्मी बढ्यो

## अग्रवालको प्यानल घोषणा

साझाकुरा संवाददाता

हेटौंडा/उद्योगी, व्यवसायीको छाता संगठन मकवानपुर उद्योग वाणिज्य संघको नेतृत्वका लागि चुनावी सरगर्मी बढेको छ ।

कार्तिक ७, ८ र ९ गते हुने ५४ र ५५ औं साधारण सभाबाट नेतृत्व चयनका लागि चुनावी मैदानमा होमिएका कृष्णकुमार गुप्ता अग्रवालको बिहीबार प्यानल घोषणा गरिएको छ । अध्यक्षका प्रत्यासी अग्रवालसहित उनको प्यानलको नाम घोषणा गरिएको हो ।

यसअघि २ पटक साधारणसभा तथा निर्वाचनको मिति तोकेपनि कोरोना महामारीको दोस्रो लहरका कारण स्थगित गरिएको थियो । आगामी कार्तिक ७, ८ र ९ गते निर्वाचन हुने निश्चित भएपछि दसैंअघि देखिनै चुनावी माहोल तातेको हो । संघका बर्तमान उपाध्यक्षसमेत रहेका अग्रवालको प्यानलबाट बाणिज्य तर्फको उपाध्यक्षमा अनिल अग्रवाल उम्मेदवार बन्ने भएका छन् । उनी हाल संघको कोषाध्यक्ष हुन् ।

उद्योग उपाध्यक्षमा बर्तमान महासचिव प्रमोदसिंह रानाभाट, बस्तुगत उपाध्यक्षमा बर्तमान सचिव काब्यमणि अधिकारी र एशोसिएटतर्फको उपाध्यक्षमा बर्तमान सदस्य रहेका बिष्णु खनालको उम्मेदवारी रहने निश्चित भएको घोषणा सभामा अध्यक्षका प्रत्यासी अग्रवालले जानकारी दिए ।




उनले आफ्नो प्यानलबाट सदस्यहरुमा गणेश भेटवाल, राजाराम कार्की, अंकीता सुमार्गी, जावेद हुसेन, निलम पाण्डे, दीपक खत्री, कृष्णहरि बर्तौला, प्रदीप अर्याल, विकेशलाल श्रेष्ठ, श्रीकृष्ण कर्मचार्य, कुलप्रसाद चौलागाई, अनिलभक्त श्रेष्ठ, दामोदर पाठक, पुष्पराज पुडासैनी, रुपकराज दाहाल, दीपक उप्रेती, कृष्ण ढुंगाना, सन्तोष अर्याल, भुपेन्द्र अधिकारी, सीता भेटवाल र निलम बैद्यको उम्मेदवारी रहने बताए ।

घोषणा कार्यक्रममा बोल्दै अध्यक्षका प्रत्यासी अग्रवालले आफुले चार दशकभन्दा बढी समय व्यवसायमा बिताएकोले व्यवसायीको समस्या बुझेको दाबी गरे । उनले व्यवसायीका हरेक समस्या समाधानका लागि आफ्नो टिम पुरा कार्यकाल अग्रसर हुने धारणा राखे । संघको नेतृत्वका लागि अर्का प्रत्यासी संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकेन्द्रीय सदस्यसमेत रहेका राजकुमार न्यौपाने चुनावी मैदानमा होमिरहेका छन् । उनले यसअघिनै आफ्नो प्यानलसहित उम्मेदवारी घोषणा गरिसकेका छन् ।

चुनावी मैदानमा होमिएका अर्का प्रत्यासी महेन्द्र राउतले आफ्नो उम्मेदवारी कायम रहेको बताए । संघका निवर्तमान महासचिवसमेत रहेका राउतले आफु अध्यक्षको प्रत्यासी रहेको र उम्मेदवारबाट पछि नहटेको दाबी गरे ।

## बागमती प्रदेश सरकारले गाडी भाडा बढायो

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले सार्वजनिक गाडीको भाडा २३ प्रतिशतले बढाएको छ ।

सार्वजनिक गाडीको भाडा बढाउन माग गर्दै आन्दोलनरत् यातायात व्यवसायीको मागलाई सम्बोधन गर्दै बागमती सरकारले भाडा बढाएको हो । यातायात व्यवसायीले आन्दोलनका क्रममा दसैंको केहि दिनअघि गाडी पूर्ण रुपमा ठप्प पार्दा यात्रुहरु मर्कामा परेका थिए ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले कात्तिक १ गतेदेखि लागू हुने गरी २३ प्रतिशतले भाडा बृद्धिको निर्णय गरेको हो । डिलक्स सुविधा भएका गाडीले भने यसमा पनि थप २० प्रतिशत बढी भाडा लिन पाउने छन् । यात्रुहरुले १५ किलोसम्मको सामानको भाडा तिर्नुपर्ने छैन । तर १५ किलोभन्दा बढी १० केजीसम्म सामानको प्रतिकिलो ५ रुपैयाँको दरले थप भाडा तिर्नु पर्नेसमेत मन्त्रालयले निर्णय गरेको छ ।

काठमाडौं उपत्यकामा चल्ने सार्वजनिक सवारी साधनको न्यूनतम भाडा १८ रुपैयाँ कायम भएको छ । तर ट्याक्सीको भाडा भने बढाइएको छैन । यातायात व्यवसायीले यो भाडा बृद्धि कम भएको भन्दै असन्तुष्टि जनाएका छन् ।

उनीहरुले सरकारले भाडा दर संशोधन नगरे आफैं भाडा बढाएर लागू गर्ने चेतावनी दिएका छन् । काठमाडौं उपत्यकाभित्र सन्चालन हुने सार्वजनिक सवारी साधनको हकमा भने न्यूनतम १८ रुपैयाँदेखि अधिकतम ३५ रुपैयाँसम्म भाडा कायम गरिएको छ ।

१८ रुपैयाँ भाडा ५ किलोमिटरसम्मको दुरीका लागि हो । पाँच किलोमिटर भन्दा कम दुरीको यात्रा गरे पनि १८ रुपैयाँ नै तिर्नुपर्ने छ । १० किलोमिटरसम्मको दुरीमा यात्रा गर्दा २३ रुपैयाँ, १५ किलोमिटरसम्मको २७ रुपैयाँ, २० किलोमिटरसम्मको ३० रुपैयाँ र २० किलोमिटरभन्दा बढी दुरीको लागि ३५ रुपैयाँ भाडा तिर्नु पर्ने छ ।

भाडा वृद्धि कम भएको भन्दै यातायात व्यवसायीले भने असन्तुष्टि जनाएका छन् । यातायात व्यवसायी महासंघका महासचिव सरोज सिटौलाले विज्ञप्ति जारी गरी अहिलेको भाडा दर-पुनरवलोकन नभए आफैं भाडा बढाउने चेतावनी दिएका छन् ।

उनका अनुसार २०७८ साल नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र यातायात व्यवस्था विभागबीच गत वैशाखमा २८ प्रतिशत भाडा समायोजन गर्ने सहमति भएको थियो ।

त्यतिबेला डिजलको मूल्य १०४ रुपैयाँ प्रतिलिटर र पेट्रोलको मूल्य १२१ रुपैयाँ प्रतिलिटर थियो । अहिले डिजलको मूल्य ११३ रुपैयाँ र पेट्रोलको मूल्य १२९ रुपैयाँ प्रतिलिटर पुगिसके पनि २३ प्रतिशतले भाडा समायोजन गरिनु अवैज्ञानिक र अव्यवहारिक भएको महासचिव सिटौलाको भनाइ छ ।

अहिलेको भाडा दर पुनरावलोकन नभए महासंघले आफैले सात वटै प्रदेशमा भाडा समायोजन गरी लागु गर्ने चेतावनी उनले दिएका छन् ।

## पाण्डेलाई माओवादीको साथ

साझाकुरा संवाददाता



### शेरबहादुर देउवालाई दबाब बढाएका बानियाँलाई भने नेकपा माओवादी केन्द्रले समर्थन नगर्ने माओवादी सांसदहरुले बताएका छन् ।

हेटौंडा/बागमती प्रदेशकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य करिब दुई महिना सरकार चलाएर बिदा हुँदैछिन् । प्रदेश राजनीतिमा कुनै ठूलो उथलपुथल नभए शाक्यले सरकार छाड्नु पर्ने निश्चित छ ।

पार्टी विभाजनसँगै अल्पमतमा परेकी शाक्यसँग ४३ मत मात्रै छ । सरकार बनाउन ५५ मत आवश्यक पर्ने भएपनि शाक्यलाई साना दलको समर्थनले सरकार जोगाउन असम्भव छ ।

यसकारण बागमती प्रदेशले असोज अन्तिम साता नयाँ मुख्यमन्त्री पाउने छ । मुख्यमन्त्री शाक्यले अल्पमतमा परेको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने कानुनी बाध्यता छ । शाक्यले राजीनामा नदिएर विश्वासको मत लिने भएकी छन् ।

विश्वासको मत लिन २४ असोजमा प्रदेशसभाको नवौं अधिवेशन आह्वान गर्न प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई बुधवार बसेको मन्त्रिपरिषद् बैठकले सिफारिस गर्ने निर्णय गरिसकेको छ । शाक्यले विश्वासको मत नपाउने विपक्षी दलका नेताहरुको दावी छ । प्रदेशसभामा एकसय ९ सांसद छन् ।

जसमध्ये सरकार मनाउन पुग्ने मत गठबन्धनका नेकपा माओवादी केन्द्र, कांग्रेस र नेकपा (एकीकृत समाजवादी)सँग ५८ मत छ । शाक्यलााई सरकार टिकाउन अझै १२ मत आवश्यक छ । उनलाई समर्थन गर्न सक्ने राप्रपा र नेपाल मजदुर किसान पार्टीको २/२ गरी कुल ४ मतले पनि शाक्यलाई सरकारमा टिकाउँदैन् ।

विश्वासको मत नपाएपछि शाक्य स्वत: सरकारबाट हट्ने छिन् । यसकारण पनि अब बागमतीमा गठबन्धन सरकार बन्ने निश्चित छ । तर, बागमतीमा सरकारको नेतृत्व कस्ले गर्छ भन्नेमा गठबन्धन भित्रै अन्यौलता रहेको नेताहरुको भनाइ छ । मुख्यमन्त्री बन्ने चर्चामा नेकपा (एकीकृत समाजवादी)का उपाध्यक्ष राजेन्द्र पाण्डे छन् । पाण्डेलाई चुनौती नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँले दिएका छन् । करिब २ महिना भएपनि सरकारको नेतृत्व गर्नपाउनु पर्ने दाबी सहित पार्टी सभापति शेरबहादुर देउवालाई दबाब बढाएका बानियाँलाई भने नेकपा माओवादी केन्द्रले समर्थन नगर्ने माओवादी सांसदहरुले बताएका छन् ।

नयाँ सरकार गठनका लागि गठबन्धनबीच रस्साकस्सी चलिरहेको छ । बानियाँले मुख्यमन्त्री बन्न गरेको प्रस्तावमाथि कांग्रेसभित्रै चर्को विरोध भइरहेको छ । पार्टी महाधिवेशनका बेला बानियाँले मुख्यमन्त्रीदावी गरेको भन्दै कांग्रेस नेता डा. शेखर कोइरालाले केही दिनअघि सार्वजनिक रुपमै आपत्ति जनाइसकेका छन् ।

आफ्नै पार्टीभित्रै विरोध भएपछि मुख्यमन्त्री बन्ने झिनो सम्भावना बोकेका बानियाँलाई बागमतीको प्रमुख प्रतिपक्षदल नेकपा माओवादी केन्द्रले पनि साथ नदिने संकेत गरेको हो ।

माओवादी केन्द्रले नेकपा एसका नेता पाण्डेलाई मुख्यमन्त्री बनाउन साथ दिने भएको छ । माओवादीका एक प्रदेश सांसदले दिएको जानकारी अनुसार बानियाँलाई समर्थन नगर्ने र पाण्डेलाई मुख्यमन्त्री बनाउन साथ दिने आन्तरिक सहमती भएको छ । उनले बानियाँले मुख्यमन्त्रीमा दाबी गरिरहे माओवादी केन्द्रले पनि सरकारको नेतृत्वका लागि दबाब दिने बताए । 'हाम्रो पार्टीले पाण्डेलाई समर्थन गर्छ ।' नाम उल्लेख नगर्ने सर्तमा ती सांसद भन्छन्, 'कांग्रेसले मुख्यमन्त्रीमा दावी गर्‍यो भने माओवादीले पनि छोड्दैन् । गठबन्धनमै बागमती नेकपा (एस)लाई दिने भन्ने सहमती भएको छ । हामी पाण्डेलाई नै समर्थन गरेर जाने कुरामा सहमत छौं ।,'

नेकपा (एस) बागमती प्रदेशकी प्रमुख सचेतक मुनु सिग्देलले प्रदेश सरकार राजेन्द्र पाण्डेको नेतृत्वमा गठन हुने बताइन् । कांग्रेसले दावी गरेपनि गठबन्धनको भागबण्डामा नेकपा (एस)ले बागमतीको सरकार लिने सहमती भएकाले पाण्डे नै मुख्यमन्त्री हुने उनको भनाई छ । माओवादी केन्द्रले भने बागमतीमा मुख्यमन्त्रीका लागि दावी गरेको छैन् । अन्य प्रदेशमा माओवादी नेतृत्वका सरकार रहेकाले बागमतीमा दावी नगर्ने जनाइएको छ ।


## भोर्लेनीमा २२ बर्षीया युवतीको शव फेला

हेटौंडा/मकवानपुरको बागमती गाउँपालिकामा एक युवतीको शव फेला परेको छ ।

बिहिबार बिहान बागमती गाउँपालिका-५ स्थिति भोर्लेनी खोलामा एक युवतीको शव फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए ।

उक्त शव स्थानीय अन्दाजी २२ वर्षीया भगवती भोलनको रहेको प्रहरी नायव उपरीक्षक रिमालले बताए । उनका अनुसार, भोलनको शव बिहान १० बजेको समयमा फेला परेको हो ।

प्रहरीलाई आफन्तले दिएको जानकारी अनुसार खोला तर्ने क्रममा भोलनलाई बगाउँदा मृत्यु भएको प्रारम्भिक अनुसन्धानमा देखिएको उन्ले बताए ।






# फेरि दसैं आयो तर देशको दशा सुध्रिएन

**दसैं विशेष**



**कुलचन्द वाग्ले**



घुमिफिरी फेरि दसैं आयो । मानव सभ्यताले निर्धारित समय मापनको विधिमध्ये विक्रम सम्वत्को तिथिमिति मिलाएर यस वर्षको दसैं पनि सदा झैं हाम्रो घर आँगनमा टप्किएको छ । बडादसैं र विजया दशमी भनी पनि पुकारिने प्रत्येक दसैंमा हामी आगामी दिन मंगलमय बन्ने शुभकामना लिन्छौं, दिन्छौं । वास्तविकता भने त्यति सुखद छैन । यद्यपि समग्रमा दु:खद पनि भन्न मिल्दैन ।

कृषि कर्मबाट फुर्सद मिलेपछि आप्तजनसँग सामूहिक भेटघाट र खानपिनसँगै रमाइलो गर्ने अवसरमा विकसित गरिएको मानिने चाडपर्वमध्ये दसैंसमेत एक हो । विविध संस्कृतिको धनी नेपालमा मनाइने सबैजसो पर्वहरू प्रकृति, मौसम वा कृषि कर्मसँग निकटता रहेको बुझिन्छ । तिनको व्याख्या पनि यसरी नै गरेको सुनिन्छ । जुनसुकै कारण र मौसममा मनाइए पनि हाम्रा नेपाली चाडपर्व अन्तत: संस्कृति र राष्ट्रिय पहिचानको माध्यम बनेका छन् । वैश्विक संस्कृति पनि अधिक चाड पर्वसँग जोडिएकै छन् । सबैका पर्वको आआफ्नै विशेषता र व्याखया भए पनि ती संस्कृतिको प्रमुख पहिचानसमेत बनेका छन् ।

प्रकृतिको चिनारी दिने, कर्मसँग जोडिएको चाडपर्व क्रमश: विकसित हुँदै सामाजिक संस्कार, संस्कृति बनेको हुनुपर्छ । सन्दर्भ दसैंको पृष्ठभूमि पनि यही हो । सम्बद्ध जीवन जगत्लाई प्रत्यक्ष, परोक्ष प्रभावित गर्ने आरम्भमा अंकुरित विषयले निरन्तरको अभ्यासमा झाँगिएर चाडपर्वले बहुआयामिक प्रभाव पारेको छ । कर्मसँग जोडियो, धर्मसँग जोडियो । आस्थाको भाव बन्यो र आर्थिक, सामाजिक मेलमिलापको गतिविधि भयो । अब दसैं कर्मधर्म मात्रैमा सीमित रहेन । व्यापक आर्थिक, व्यापारिक र उत्पादन, उपभोगको संस्कृति पनि बन्यो । यसरी चाडपर्व जीवनपद्धतिको महत्त्वपूर्ण स्रोत, सिर्जना बनेको देखिन्छ । सुरुमा सकारात्मक तर नकारात्मक दृश्यसमेत पर्वमा देखिन थालेको पनि वर्षौं भएको छ । तामझाम र आडम्बर नै सामाजिक मर्यादा ठान्ने कथित धनीमानीको व्यवहारले हुँदा खाने वर्गलाई मर्मान्त चोट दिने नै भयो । तिनका केटाकेटीको ठाँटबाठ र आफ्ना केटाकेटीको खाली पेट, नांगो आँङ ? पैसा नहुने बाआमाले के भनी सम्झाउलान् आफ्ना अदना बालबच्चालाई । तिनको लालसा बालखैमा निमोठिएको छ । संस्कृतिमा थपिएको निष्ठुरी विकृति ।

नेपाली समाजले कति दसैं मनायो होला ? जति वर्ष बिते, जति विकसित भनियो त्यति नै गहिरो बनेको खाडलको दुई किनारामा दुई वर्ग उभिएको छ । सम्पन्न र विपन्न । निम्नमध्यमलाई धौधौ छ, मध्यम वर्ग आडम्बरी वर्गतिरै लहसिन उत्सुक हुन्छ । देशमा यस्तो अवस्था किन सुध्रिएन ? झन् थप बिग्रियो किन ? यो त भयो हाम्रो आर्थिक, सामाजिक दृश्यको ऐना । राजनीतिक परिदृश्य पनि सुन्दर छैन । हुन्थ्यो भने आर्थिक दृश्य पनि अलि संलो देखिने थियो । धमिलो राजनीतिले अमिलो अर्थस्थिति हाम्रो नियति नै बन्यो । सुध्रिन्छ कहिले, प्रतीक्षामै वर्षौं गुमे, पुस्तौं बिते । राजनीतिले नै बिगार्यो, राजनीतिले नै सुधार्ने हो, राजनीति नै सुध्रिने हो । केही सुधारेको पनि त छ । पूरै नकारात्मक र निराशा होइन ।

मानिसको खुसी असीमित छ । कति हुँदा खुसी, के हुँदा पर्याप्त खुसी वा कति नहुँदा दु:खी, के नहुँदा बेखुसी ? यसको सीमा छ र ? असीमित । फुलेको पारिजात, हाम्रोतिर शृंगार को फूल पुकारिन्छ । आफ्नै अनुभूति, गमलाको त्यही पोथ्रोमा कोपिला देखिएको केही दिन बिते, आजै एउटा फूल सुगन्धित फक्रिए छ । र माइलो खुसी लाग्यो, अनायास मुसुक्क ओठ विस्फारित भएछ । सबै वेदना बिलाए, तत्क्षण खुसी दियो एक थुँगा फूलले । मानिसको खुसीको कारण ? सीमा छ ? असीमित छ । लाखौं हुनेलाई करोडौं चाहिएको छ । करोडौंलाई अर्बौं, खर्बौंको लोभ छ । त्यसैले त तस्करी टिकेको छ, माफियागिरी उच्च छ । भ्रष्टाचार मौलाएको छ । असीमित विकृति । खुसीको सीमा छैन,असीमित । शुद्ध श्रम मिहिनेत पनि यही समाजमा छ । ती केटाकेटीले मनपरी, भेटभरी दसैं परिकार पाए, एकसरो नयाँ लुगा तिनको आंगले भेटे ? तिनको खुसी शृंगारको एक थुँगा फूलले दिएको भन्दा धेरै बढी रमाइलो हुनेथियो । खाना, नानामा त तिनले दसैं चिन्ने थिए । आफ्ना बा आमासित तिनको प्रेमको सीमा कति पुग्ने थियो ? असीमित ।

सम्पन्न, विपन्न खाडल गहिँरिदो छ । केहीको उत्थान भएको छ, केहीको पतन । अर्थको मर्म छोडेर पर्वले पुन: धारण गरिरहेको सहिष्णुतातिर हेरौं । यही राजनीति हो, जसले पर्वलाई पनि द्वन्द्वको अखडा बनायो । संस्कृति संस्कृतिबीच वैमनस्य खडा गर्यो । जातिजाति, क्षेत्रक्षेत्रलाई लडाउन खोज्यो । राजनीतिक स्वार्थको विषालु खेती गर्यो ।

'वादे वादे जायते तत्त्व बोध ।' मानिसको चेतनालाई राजनीतिले मात्रै निर्देशित गर्ने होइन रहेछ । समाजमा त्यो विवेकी शक्ति पनि विद्यमान हुने रहेछ । स्वतन्त्र चिन्तक विवेक । यही विवेकले समाज र व्यक्तिलाई उन्नत वा सुसंस्कृत संस्कारतिर लाग्न प्रेरित गर्ने रहेछ । विविध नेपाली संस्कृतिको द्योतक विभिन्न चाडपर्वप्रति सबैमा देखिएको सहिष्णुता र सम्मान यही विवेकी चिन्तकहरुको बहसको देन हो । नकारात्मक उद्देश्यमाथि विकेकी बहसको प्रहारले समाजलाई सकारात्मक परिणामतिर धकेल्यो ।
वादेवादे..... ।

राजनीतिले फटाउन खोजेको हाम्रो मन यस्तै विवेकी चिन्तकले जोडे । सबै राजनीतिक पात्रलाई एउटै डालोमा हाल्न पनि हुँदैन । केही फोर्न खोज्ने भए पनि यही राजनीतिमा जोड्न चाहने पनि त देखिए । बहु धर्म, संस्कृति रहेको समाजमा खास विशेषतासमेत हुने रहेछ । आआफ्नो धर्म, संस्कृतिको उत्थान र सम्मान चाहनेले अन्यको धर्म संस्कृतिको पनि सम्मान गर्नुपर्ने सिक्दो रहेछ । अरुको सम्मानले आफ्नो सम्मान बढ्ने बुझ्दो रहेछ । यही बुझाइले सांस्कृतिक सहिष्णुताको आधुनिक संस्कारमा नेपाल पुन: प्रवेश गर्दै छ ।

दसैंको सन्देश पनि सम्मान सूचक छ । मेलमिलाप, बा आमा, आफन्त र सबै प्रियजनको शुभकामना, आशीर्वचन ग्रहण गर्ने, पाउने सन्देश सूचक बडादसैं । पूर्वीय वा हाम्रो नेपाली संस्कार प्रकृति, परिवार र सबैप्रति अनुग्रह राख्न प्रेरित गर्छ । यही हाम्रो संस्कृतिको मूल हो । पर्वलाई जोडेर राजनीतिले उत्पन्न गरेको सही, बेसही बहसमा सहिष्णु विवेकी मतले सकारात्मक परिणामतिर सामाजिक चेतलाई लक्षित गर्यो ।

सबै बहसको परिणाम नकारात्मक हुँदैन, बहसले धेरैजसो सकारात्मक निष्कर्ष दिने गर्छ । राजनीतिले विगार्यो कि सुधार्यो ? धेरै बिगारेको छ केही सुधारेको पनि । कसले बिगार्यो होइन जे गर्यो यही राजनीतिले । कसैले आधा भाग पानी रहेको गिलासलाई आधा भरिएको भन्ला तर त्यो भरिएको चाहिँ होइन नि । खास अर्थ खाली भन्ने नै बुझिन्छ । भरिएको स्थिति त भरिनुमै पो हुन्छ नि ? आधा पेटलाई कसले भरियो भन्छ ? त्यसैले राजनीतिले कति बिगार्यो, कति सपार्यो ? धेरै बिगारेको छ ।

कति दसैं आए, गए । फेरि आयो दसैं तर देशको अर्थ अवस्था वा जनताको खासगरी विपन्न वर्ग झन् बढी विपन्न हुँदैछ । केही अपवाद होलान् । राजनीति पनि सुएिको अनुभूति कसैसँग छ ? सत्तामा हुनेको दृष्टिदोषको कुरा भिन्नै । समग्र यथार्थमा उही आधा भरिएको गिलास खाली जस्तै । - साभार: बाह्रखरी

# अहिंसाबाटै सम्भव छ समृद्धि



**अच्युतप्रसाद पौडेल "चिन्तन"**

हरेक वर्ष सेप्टेम्बर २१ अर्थात् असोज ५ लाई शान्ति दिवसका रूपमा हेर्ने गरेझैं अक्टोबर २ अर्थात् असोज १६ गतेलाई विश्व अहिंसा दिवसका रूपमा हेर्ने गरिएको छ । काटमार नगर्नु मात्र अहिंसा हैन, मनको हिंसा झन् कडा खालको हुन्छ । संसारले कहालीलाग्दो प्रथम र दोस्रो विश्वयुद्धलाई बिर्सेको छैन । दोस्रो महायुद्धपछि स्थापना भएको संयुक्त राष्ट्र संघपछि पनि अशान्तिका काला बादलहरू फाटफुट देखिएकै हुन् ।

हिरोसिमा र नागासाकीको कहालीलाग्दो अवस्था, सेप्टेम्बर ११ को अमेरिकी ट्विन टावरको आक्रमण, हाम्रै देशको पनि १० वर्षे जनयुद्ध, हालैको तुइनको महाकाली र अलि अघिको निर्मला प्रकरण, रुकुमको नरसंहार र संखुवासभाको सामूहिक हत्याले हामीलाई गिज्याइरहेको अवस्था छ । प्राकृतिक भनौं दैवी प्रकोपको अवस्था, महामारी, अनेकानेक दुर्घटना र दैनिक २० जवानको हिसाबमा आत्महत्या नचाहेर पनि हामीले हेरी बस्नुपरेको छ । मूलत: तनमा कान्ति र मनमा शान्ति सबै युगको अपरिहार्यता हो भने अहिले हामीले भनौं संसारले चाहेको द्रुत विकासको पहिलो आवश्यकता अहिंसा र शान्ति नै हो ।

क्रान्तिले युग परिवर्तन खोज्नु भूल हुनेछ र त हाम्रा वैदिक ऋषि महर्षिहरूले अनेकानेक खोज र अनुसन्धान गरेर विश्व शान्तिको पहल गरे । पूर्वी संस्कारमै हुर्केका बुद्ध यहीं अवतरित भए । धर्मको स्थापनाका लागि युगयुगमा म पृथ्वीमा अवतरित हुनेछु भनी स्वयं ईश्वरले गीतामा भनेको छ । सबैप्रति ईश्वरीय भाव जागेर एकले अर्कोलाई सम्मान, इज्जत देओस् र सबै प्राणीले सजिलै बाँच्न पाऊन् भनेर ईश्वरले अहम् सर्वेषु भूतेषु भनेको छ, भागवत्मा । यसको सीधा अर्थ हुन्छ, म सबै प्राणीमा अदृश्य रूपमा रहेको छु । पूर्वीय यो मूल्य र मान्यता आज संसारले खोजेको छ र त जर्मनीलगायत विकसित देशहरूले पूर्वी धर्म-संस्कृतिको धरोहर वेद र यसको स्रोत खोज्दै छ । विद्वान् म्याक्स मूलरले पूर्वीय दर्शनलाई विज्ञान भनेका छन् । विद्वान् विल्सनले भनेका छन्, प्रजातन्त्रका लागि पनि यो संसारलाई सुरक्षित राख्नुपर्छ । विद्वान् र स्किनले भने, कुनै व्यक्तिको प्रथम परीक्षा भनेको उसको नम्रता नै हो । महात्मा गान्धी शान्तिका पुजारी हुन्, अहिंसा आन्दोलनबाटै भारत स्वतन्त्र भयो । गान्धीले भनेका थिए, खराब मान्छेलाई सुधार्ने मुख्य औषधि भनेको प्रेम र स्नेह नै हो ।

अल्बर्ट आइन्स्टाइनले भनेका थिए, ईश्वर भ्रष्ट हुन सक्ला तर ईर्ष्यालु कहिल्यै हुन्न । विद्वान् वाइरनको भनाइ छ, जसले आफ्नो देशलाई माया गर्न सक्दैन उसले कसैलाई पनि माया गर्दैन । प्रसिद्ध विद्वान् गेटेको भनाइ छ, राजा या रंक होस्, जसले घरमा शान्ति पाउँछ उही सुखी हो । बाइबलको पनि भनाइ छ, तिम्रो शरीर नै पवित्र आत्माको मन्दिर हो, तर हितोपदेशका कुरा हिजोआजका मानिसलाई सुन्ने फुर्सद छैन । हाम्रा ऋषि-महर्षिहरूले द्यौ: शान्ति, पृथ्वी शान्ति:, आप: शान्ति:, अन्तरिक्ष: शान्ति:, औषधय: शान्ति: अर्थात् भूमि, पानी, माटो, अन्तरिक्ष, आकाश, खगोल, भूगोल, वायुमण्डल, वनस्पति सम्पूर्ण चराचर जगत् नै शान्तिको प्रार्थना गरे ।

बसुधैव कुटुम्बकम् अर्थात् सम्पूर्ण बसुधा भनौं पृथ्वी नै कुटुम्ब हो भने त्यति मात्रै नभएर ब्रह्माण्डैव कुटुम्बकम् भने आज त्यसैलाई ग्लोबल भिलेज भन्छौं हामी अर्थात् विश्व एक गाउँ । ब्रह्माण्डभित्र समस्त शान्ति नभई यो सन्देशको सम्भावना छैन । हिंसाले हिंसा नै जन्माउने हो र अहिंसाले अहिंसा नै । एउटा नीति छ, जोसँग जे छ अरूलाई उसले दिने पनि त्यही नै हो । अहिंसाको मार्गले नै संसार जित्न सकिन्छ र समृद्धि धेरै टाढा हुन्न । अरूलाई दिनुको नाम नै देउता अर्थात् देवता हो, आफैं लुटी खानेलाई दानव भनिन्छ ।

क्रोध गर्दा मानिसको ८ प्रतिशत ऊर्जा शक्ति नष्ट हुन्छ, क्रोधपछि आउने आवेगबाट शरीरको १६ प्रतिशत शक्ति नष्ट हुन्छ भने त्यसैबाट जन्मने तनावका कारण मानिसको ३२ प्रतिशत शक्ति नष्ट हुन्छ, यस अर्थमा जोड्दा ५६ प्रतिशत अर्थात् हामीसँग भएको शतप्रतिशत शक्तिमध्ये आधाभन्दा बढी शक्ति बिनाकारण आफैं नष्ट गराइरहेका हुन्छौं, अनि बाँकी शक्तिले हाम्रो न्यूनतम आवश्यकता नै पूरा हुन्न, ठूलो समृद्धि त परको विषय हुने नै भयो । हामीले समृद्धिको चाहना गरेको सात दशक भयो, तर त्यसको औपचारिक प्रगति आर्थिक वृद्धिलाई वार्षिक औसत २ प्रतिशत नघाउन सकेनौं । भन्छौं साढे ८ प्रतिशतको वृद्धि, तर हातमा आउँछ कहिले माइनस कहिले हल्काफुल्का मात्र । ७० वर्षमा अशान्तिका काला बादलहरू कति मडारिए, कति धनजनको क्षति भयो, खोज्ने फुर्सद छैन हामीलाई । संसारको चार दिशामध्ये पश्चिममा ऋग्वेद, यजुर्वेदको खोजी जर्मनी, अमेरिकामा हुँदै छ । पूर्वमा जापान, सिंगापुरमा यी मन्त्रहरू बिहानै घन्कन थालेका छन् । पूर्वीय सभ्यताको खोजी गरेर पश्चिमाहरू विज्ञानको चुलीसम्म पुगे ।

इन्धन र यन्त्रबिना नै पूर्वीय चिन्तनको पुष्पक विमान आफैं उदाहरण छ । वेदको रोचक पक्ष वास्तुकलाको परिचय नेपालका अरनिकोले चीनमा गराएका सुनौला पक्षहरू हाम्रा इतिहास बताउँछन् । वेदका खानी वेदव्यासको तपस्या स्थल व्यास गुफा हाम्रै तनहुँमा छ । देवघाटमा देवस्थल छ । पशुपतिमा वेदका ऋचाहरू संसारभर घन्काउने शिवजी हुनुहुन्छ । आर्यावर्त क्षेत्र स्वर्गीय यज्ञ भूमि हो । गोकर्णमा रावण आएको, गौरीघाटमा सम्पूर्ण इन्द्र आदि देवताहरूले तप गरेको र यो पूरै योग भूमि हो । स्कन्द पुराण, शिव पुराण, देवी भागवत्, नेपाल माहात्म्य आदि ग्रन्थहरूले नेपालको परिचय वेदको सुरुस्थलका रूपमा दिएको छ ।

नेपालकै बुद्धले संसारमा अहिंसाको दीप प्रज्वलन गराए । लुम्बिनी क्षेत्रलाई संसारले हेरेको छ । यहाँको कलाकारिता, शिल्पी, यहाँका वनस्पति, जडीबुटीहरू विदेशीहरूका लागि खोजको विषय रहेको छ । नजिकको तीर्थ हेंला भनेझैं आफ्नो श्रीसम्पत्तिप्रति हामीलाई ठूलो चासो छैन । भएका प्राचीन ग्रन्थ एवं आफ्नो मौलिकतालाई हामी बिर्सदै छौं । शताब्दीयौंको संरक्षण गरेर सिंगापुरमा एसियन सिभिलाइजेसन म्युजियमले सारा एसियामा भएका सभ्यतालाई उजागर गरिरहेको छ । अहिले हामीलाई वेदमा विश्वास छैन ।

हिंड्दै छ, पाइला मेटिँदै छ, हुँदै छ यस्तै । समयमै यसतर्फ विचार नगरे हाम्रै मौलिकपन भविष्यमा बाँकी रहन्न । आजको युग भौतिक युग भए पनि भक्तिबाट मात्र शक्ति प्राप्त हुन्छ । शुक्ल यजुर्वेदले यही बताउँछ । यसमा रहेका कर्मकाण्ड, ज्ञानकाण्ड, उपासना काण्डमा जपका विधि, ध्यान पद्धति, यज्ञ र पूजा संस्कारबारे उजागर गरिएको छ भने ज्ञानकाण्डले हामीलाई आत्मा साक्षात्कार गरी स्वको खोजी आफैंले गरी जीवले जगत्बाट जगदीश्वर पाउने विषयमा व्यापक चिन्तन गरेको छ । हाम्रो सर्वोपरि चाहना भनेको धर्म, अर्थ, काम र मोक्ष हो, सत्कर्मबाट धनार्जन गर्नुपर्छ । उपासना काण्डले चाहिँ आत्मा, ईश्वर अनि मायाद्वारा सिर्जित र सञ्चालित विश्वको अनुसन्धान गर्ने कार्यमा जोड दिएको छ । सबै विषयवस्तुहरूको गन्तव्य एउटै हो, जीवले लक्ष्य प्राप्ति गर्ने उपायहरू धेरै हुन सक्छन् । यात्रा अलग भए पनि साधनाका विविध यात्रामार्फत साध्य प्राप्त गर्नु अन्तिम लक्ष्य हो, साध्य हो सबैको । साध्य प्राप्तिको क्रममा शुक्ल यजुर्वेद निकै अगाडि छ । यजुर्वेदले जीवनमा आइपर्ने समेत समस्याहरूको निराकरणका उपाय बताएको छ । वायु प्रदूषण, ध्वनि प्रदूषण नगरी संसारलाई शान्त, सुखी बनाउन पर्यायवरणको चासो देखाएको छ ।

भूमि, आकाश, पाताल र समस्त वायुमण्डल शुद्ध हुनुपर्ने संकेत गरेको छ । आजसम्म चलनचल्तीमा आएका शास्त्रमध्ये वेद नै प्राचीन हो र अर्वाचीन समेत । देवता र पितृ मान्नु हाम्रो परम्परा हो । सृष्टि, स्थिति र प्रलय निरन्तर चलिरहने प्रक्रिया हो । ती प्रक्रियाका पात्रहरू मात्रै हौं हामी । हिजो ईश्वर थियो हामी थिएनौं । आज ईश्वर छ, हामी छौं, भोलि हामी रहन्नौं तर ईश्वर सदैव रहन्छ । मानव मस्तिष्कको स्रोत भन्नु ईश्वर हो, ईश्वरप्रदत्तै रहन्छ । मानव मस्तिष्कको स्रोत भन्नु ईश्वर हो । ईश्वरप्रदत्त मानव मस्तिष्कको उपज भन्नु विज्ञान हो ।

सही र सदुपयोग गर्दा विज्ञान वेदमणि हुन सक्छ, पारसमणि हुन सक्छ । जैन, सिख, हिन्दू, क्रिस्चियन, मुस्लिम, बौद्ध जे सम्प्रदाय भने पनि पहिले हामी मनुका सन्तति मानव हौं, मनुष्य हौं । मानव धर्मको पहिचान भएन भने सम्प्रदाय विशेषमा रुमल्लिएर मात्र ईश्वर पाइने होइन । फलाममय जगत्लाई पारसमणिको रूपमा प्रयोग गर्न सक्नु मानव हित अनुकूल छ । संसार नरमाइलो छैन, बुझाइ मात्र फरक हो । सूर्य, गणेश, शिव, विष्णु, देवी शक्ति संसारकै हुन् । हाम्रो मात्रै पनि होइन, अरूको मात्रै पनि होइन । वेद अमूल्य धन हो, पैतृक सम्पत्ति हो, संरक्षण चाहेको छ केवल हाम्रो भूमिबाट ।

बस् यत्ति मात्रै हो, कारण यो भूमि तपोभूमि हो, योगभूमि हो, अन्य भूमि कर्मभूमि, भोगभूमि मात्र पनि हुन सक्छ । सामवेदको विशालता शब्दले सीमांकन गर्न सकिन्न । पूर्वार्चिक र उत्तरार्चिक गरी यो दुई खण्डमा विभाजित छ । अथर्ववेदका तीन संहिता अर्षि, आचार्य र विधि प्रयोगमा छ । अर्षि संहिताले वेद मन्त्रको शुद्धताले सिद्धि प्राप्त हुने कुरामा जोड दिएको छ भने आचार्य संहिताले विभिन्न मानव संस्कारका बारे वर्णन गरेको छ । त्यस्तै विधि प्रयोग संहिताले कुनै कार्य, जप, पाठ, पूजा गर्दा संकल्प गरेर गरे मात्र सिद्धि फल प्राप्ति हुने कुरामा जोड दिएको छ । अथर्ववेदले वित्तीय व्यवस्था, कृषि, उद्योग तथा गोधन, पशुधन, सम्पूर्ण आर्थिक समृद्धिको पूर्वाधार तयार गर्नुपर्नेबारे चासो दिएको छ ।

- साभार: कारोबार डेली

---

साझाकुरा

## हाम्रो कुरा

# काँचुली फेर्दै हेटौंडा अस्पताल

मकवानपुरमा स्वास्थ्य क्षेत्रको स्थिति एक दशक अघि कस्तो थियो ? एक पटक स्मरण गरौं । बास्तवमै हेटौंडा अस्पतालमा व्यवथापकीय कमजोरीका कारण मकवानपुरको सिंगो स्वास्थ्य क्षेत्रनै धरासायी बनेको थियो । तर, एक दशकका बीच क्रमागत रुपमा सिध्रिएको हेटौंडा अस्पतालले अहिले काँचुली फेरेको छ । बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत् रहेर अस्पतालको विकासमा ध्यान दिइरहेको छ । जसले गर्दा संरचनागत विकास मात्र होइन, अस्पतालको व्यवस्थापमै व्यापक परिवर्तन आएपछि अहिले जिल्लाका सेवाग्राहीको आकर्षण बढेको छ । विशेषगरी बागमती प्रदेशको राजधानी भएपछि हेटौंडा अस्पतालमा आइसीयू, एचडीयू सञ्चालनमा आएसँगै अस्पतालले काँचुली मात्र फेरेको छैन, उपचारमा अग्रणी परिवर्तन आएको महशुस गरिएको छ ।

जिल्ला सयौं सेवाग्राहीले दैनिक सेवा लिने हेटौंडा अस्पताल डिजिटल प्रणालीबाट संचालन हुने अर्को परिवर्तनको संकेत हो । डिजिटल प्रणाली, सुधारिएको ल्याब र स्वास्थ्यकर्मीको व्यवहारका कारण अस्पतालको एक पक्षनै कायापलट भएको छ । यस्ता विविध पक्षलाई हेर्दा सुधारिएको हेटौंडा अस्पताल भन्न अब अन्कनाउनु पर्दैन । स्वास्थ्यमा सानो समस्या आउँदैमा भरतपुर वा काठमाडौं लैजानुपर्ने बाध्यकारी अवस्थाबाट मकवानपुरे जनताले राहत पाएका छन् । केहि हदसम्म भएपनि ठूला-साना समस्या हेटौंडामै समाधान हुने भएपछि जिल्लाबासीको पहिलो रोजाइमा एक मात्र सरकारी अस्पताल पर्ने गरेको छ । त्यति मात्र होइन, बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान संचालनका लागि ऐन, कानुन निर्माणदेखि भौतिक संरचनासमेत खडा गरिरहेको छ । प्रतिष्ठानका लागि आवश्यक पदाधिकारी चुनिइसकेका छन्, भने अब व्यवस्थित ढंगले संचालनमा ल्याउन मात्र बाँकी छन् । विकासका विभिन्न चरण मध्ये सक्दो छिटो संचालनमा ल्याउने प्रयास गरिएको उदाहरण हो, स्वास्थ्य विज्ञान प्रतिष्ठान । प्रतिष्ठान पूर्ण रुपमा संचालनपछि मकवानपुर मात्र नभइ प्रदेशका १० जिल्लाको स्वास्थ्य क्षेत्रमा प्रत्येक्ष प्रभाव पार्ने निश्चित छ ।

अहिले हेटौंडा अस्पतालमा देखिएका केहि समस्या कायमै छन् । जस्तै छिट्टो छरितो सुविधा, ल्याबलाई थप व्यवस्थित र आधुनिक प्रविधिको प्रयोग, थप विशेषज्ञ चिकित्सकको कमी । यस्ता विविध पक्षलाई ध्यानमा राखेर आगामी दिनमा गरिने परिवर्तनमा समावेश गर्दै सक्दो छिट्टो कमी कमजोरी सुधारिएमा हेटौंडा अस्पतालमा मुलुकका गनिने अस्पतालमा समेटिने छ । हेटौंडा अस्पतालको सुधारमा स्थानीय तहसँगै बागमती प्रदेश सरकारले बजेट परिचालन गर्न कन्जुस्याईं गरेको छैन । तसर्थ, आवश्यकीय संरचनासँगै थप व्यवस्थित बनाउन सबैले ध्यान दिनसके हाम्रो जिल्लाको स्वास्थ्य क्षेत्रमा कायापलट आउने निश्चित छ । हिजो कमी कमजोरी हुँदा नकारात्मक आलोचना गर्नेहरुले अब सहयोगसँगै सकारात्मक पहलमा ध्यान दिन जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज २३ गते शनिबार ९ अक्टोबर २०२१ । असोज कृष्ण तृतीया । कौलाथ्व तृतीया ११४१ । सूर्योदय ६:०० र सूर्यास्त ५:४१ मा हुनेछ । विश्व हुलाक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुबाट मुक्त | तुला | : प्रेममा सफलता |
| वृष | : मिष्ठान्न भोजन | वृश्चिक | : आफन्तजन भेट |
| मिथुन | : आलश्यता | धनु | : भित्रजन भेट |
| कर्कट | : सुख प्राप्ति | मकर | : धन प्राप्ति |
| सिंह | : यात्राको योग | कुम्भ | : धन नष्ट |
| कन्या | : अध्ययनमा बाधा | मीन | : शुभ कार्यको थालनी |

# आर्यन खानलाई ऋतिकको पत्र-'धैर्य गर, यो अध्यारोपछि तिमी चम्किनेछौं'




बलिउड नायक साहरुख खानका छोरा आर्यन खान मुम्बइको क्रुज पार्टीमा एनसीबीले छापा मार्दा शनिबार पक्राउ परेका थिए । उनी, अहिले पनि एनसीबीको हिरासतमा छन् । उनलाई एनसीबीले बिहीबार अदालतमा पेश गरिन् । आर्यनका वकिलले उनको जमानतका लागि अदालतसमक्ष अपिल गर्नेछन् ।

आर्यन पक्राउ परेपछि उनको समर्थनमा साहरुखका फ्यानदेखि बलिउडकर्मी अगाडि आएका छन् । फ्यानहरुले आर्यनको समर्थनमा सामाजिक संजालमा मात्र नभएर सडकमा समेत आफ्नो उपस्थिती जनाइरहँदा बलिउडकर्मीले पनि आफ्नो भनाई कमै मात्र राखेको देखिन्छ ।

यसैविच, बलिउड नायक ऋतिक रोशनले आर्यनलाई सामाजिक संजालबाट एक पत्र लेख्दै जीवन एउटा अनौठो यात्रा भएको उल्लेख गरेका छन् । ऋतिकले लेखेका छन्- 'प्रिय आर्यन, जीवन एउटा अनौठो यात्रा हो । यो महान् छ किनकी यो अनिश्चित छ । यो ठूलो यसकारण छ कि, यसले तिमीलाई कहिलेकाही घुमाउरो बल फ्याक्ने गर्दछ तर भगवान दयालु छन् । उनले सबैभन्दा कठिन व्यक्तिहरुलाई खेल्नका लागि कठिन बल दिने गर्दछन् । यो कठिन खेल खेल्नका लागि भगवान्ले तिमीलाई रोज्नुको कारण यसको दबाब महशुश गर्न तिमी सक्षम छौं भन्ने हो ।' ऋतिकले अब यो कुरा महशुश गर्न आर्यन सक्षम भएको पनि उल्लेख गरेका छन् । ऋतिक अगाडि लेख्छन्-'क्रोध, भ्रम, असाहयता लगायतका कुराहरुले तिमी भित्र रहेको हिरोलाई बाहिर ल्याउन मद्दत गर्छन् । तर, होसियार रहनुपर्छ । किनकी, ती कुराहरुले तिमी भित्रको राम्रो कुरालाई पनि जलाउन सक्छन् । कुन कुरालाई आफू भित्र राख्ने र कुन कुरालाई बाहिर फाल्ने भन्ने कुराको अनुभव तिमी आफैले गर्न जरुरी छ ।' ऋतिकले गल्ती, असफलता, विजय, सफलता लगायतका कुराले अगाडि बढाउन मद्दत गर्ने ऋतिकको भनाई छ । ऋतिकले आर्यनलाई संझाउँदै लेखेका छन्-'म तिमीलाई एक बच्चाको रुपमा चिन्छु र एक मानिसको रुपमा जान्दछु । आज तिमीले जे कुरा पनि अनुभव गर्छौ, त्यसको मालिक तिमी नै हौं । समयले तिमीलाई हरेक विन्दुसँग जोड्ने काम गर्दछु । मलाई विश्वास गर, तिमीले यी कुराहरु विस्तारै संझनेछौं । यो समय तिम्रो लागि एउटा निर्माता हो ।

अब, यो समय तिमीसँगै एउटा उज्यालो घाम जसरी चम्किदैछ । तर, यसका लागि तिमीलाई अध्यारोसँग गुज्रिनुपर्नेछ । तर पनि शान्त र हुन । किनकी, उज्यालोमाथि भरोसा गर । यो तिमी भित्रै हुनेछ । म तिमीलाई धेरै प्रेम गर्छु ।'

- अनलाईनखबर

# पर्यटन बोर्डद्वारा पनौतीको पर्यटन प्रवर्द्धन

काभ्रेपलाञ्चोक (रासस)/ नेपाल पर्यटन बोर्डले विश्व सम्पदा सूचीमा सूचीकृतको प्रक्रियामा रहेको पनौतीको ऐतिहासिक एवं पर्यटकीय क्षेत्र प्रवर्द्धनार्थ घुम्ने स्थान र गर्न पाइने गतिविधि प्रचारमा ल्याएको छ । यसका लागि बोर्डले पनौती नगरभित्रका ऐतिहासिक सम्पदा एवं पर्यटकीयस्थललाई मान्यता दिँदै पर्चासमेत सार्वजनिक गरेको छ ।

नगर क्षेत्रका मनोरम पहाड, खेत, हिम-शृंखलाको दृष्यावलोकनले आन्तरिक एवं बाह्य पर्यटकलाई आनन्द प्रदान गर्ने मनोरम स्थान रहेको बोर्डले निष्कर्ष निकालेको छ । यस्तै साहसिक पर्यटनका लागि पनौती उपयुक्त स्थान रहेको जनाउँदै नगरमा मनोरञ्जनात्मक कार्य गर्न प्याराग्लाइडिङ, रक-क्लाइमिङजस्ता खेल रहेको बोर्डले जनाएको छ ।

पनौती-कमोबुद्ध हाइक, बल्थली इको-ट्रेल (लो-ल्याण्ड ट्रेक), साँगा-पनौती हाइक (कम्युनिटी हाइक), गुर्दुम-महाभारत पदयात्रा, माउण्टेन बाइक (फुल्चोकी वरिपरि), बर्ड वाचिङ (चराको दृष्यावलोकन), योग रिट्रिट, सामुदायिक र निजी घरबास, तामाङ सांस्कृतिक पदयात्रा मार्ग, जात्रा-मेला अवलोकन भ्रमण गर्नुपर्ने जनाइएको छ ।

पनौती पर्यटन समितिको सक्रियतामा बोर्डले पनौतीको ऐतिहासिक एवं पर्यटकीयस्थललाई प्राथमिकीकरण गरी प्रचारमा ल्याएको नगरका वरिष्ठ प्रशासकीय अधिकृत इन्द्रप्रसाद अधिकारीले बताए । यसैबीच संयुक्त राष्ट्रसंघीय शैक्षिक तथा बैज्ञानिक निकाय (युनेस्को)द्वारा २५ वर्षअघि प्रस्तावित काभ्रे पनौतीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने भएको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक नगर पनौतीलाई नेपालस्थित मन्त्रिपरिषद्को निर्णयलगत्तै विश्व सम्पदामा सूचीकृत हुने जनाइएको छ । सूचीकृतको कामले यो वर्ष तीव्रता पाएको समेत नगरले जनाएको छ ।

नगर प्रमुख भीमप्रसाद न्यौपानेले भने, "मन्त्रिपरिषद् बैठकको निर्णयलगत्तै पनौतीलाई युनेस्कोले सूचीकृत गर्नेछ ।" पनौती नगरलाई विश्व सम्पदामा सूचीकृत गर्ने कार्य गतसाल नै अघि बढाइएपछि युनेस्कोको नेपाल प्रमुख क्रिष्टियन मनहर्टले पनौतीका ऐतिहासिक, धार्मिक तथा पुरातात्विकलगायत सम्पदाको अवलोकन गरेका थिए ।

अवलोकनका क्रममा उनले विशेष रुचिपूर्वक मठमन्दिर तथा पुराना नेपाली मौलिकता बोकेका घरलाई विश्व सम्पदामा सूचीकृत गर्न युनेस्को तयार भएको स्थानीय जनप्रतिनिधिलाई जानकारी गराएपछि नगरले प्रक्रियाका लागि बजेटसमेत विनियोजन गरेको छ ।

"हामी बाह्रवर्षे मकर मेला अर्थात् आउँदो माघ महिनाअगावै विश्व सम्पदा सूचीमा सूचीकृत हुने तयारीमा छौं, चालु आर्थिक वर्षमा यसका लागि बजेटसमेत विनियोजन गरेर काम अघि बढाइएको छ", नगर प्रमुख न्यौपानेले भने । उनका अनुसार नगरले चालु आवमा विश्व सम्पदामा सूचीकृत गराउन एक करोड बजेट छुट्याएको छ ।

पनौतीलाई सरकारले प्राचिन स्मारक संरक्षण ऐन २०३१ अनुसार विसं २०५८ मा 'स्मारक क्षेत्र' घोषणा गरिसकेको छ । सूचीकृतको मन्त्रालयगत प्रक्रिया सकिएको र मन्त्रिपरिषद् बैठकले निर्णय गर्न बाँकी रहेको न्यौपानेले जानकारी दिए । उनले भने, "मन्त्रिपरिषद्को बैठकले निर्णय गरेपछि सो निर्णयको आधारमा युनेस्कोले पनौतीलाई विश्व सम्पदामा सूचीकृत गर्नेछ ।" मन्त्रिपरिषद्को निर्णयपछि युनेस्को फ्रान्सको पुरातत्व विज्ञ टिमले पुन: पनौतीको अनुगमन निरीक्षण गर्नेछ ।

हाल मन्त्रिपरिषद्को कार्यसूचीमा प्राथमिकतामा नपरेका कारण प्रक्रिया लम्बिनसक्ने बताइन्छ । सूचीकृतको यस प्रक्रियामा पनौतीमा ७२ वटा मौलिक नेपाली घर निर्माणको काम धमाधम भइरहेको छ । नगर कार्यालयद्वारा सांस्कृतिक पर्यटन विकासका लागि कलात्मक काठ बनाउने तालिम, घरबास सञ्चालन र पुरातात्विक सम्पदाको संरक्षण कार्यक्रम सञ्चालन गरिसकेको छ ।

पनौती विश्व सम्पदामा सूचीकृत भएपछि 'पनौती युनेस्को विश्व सम्पदा क्षेत्र' भनिनेछ । युनेस्कोले कुनै पनि राष्ट्रको विशेष सांस्कृतिक महत्व राख्ने (जस्तै: वन, पहाड, ताल, द्वीप, मरुभूमि, स्मारक, भवन, वा सहर) धरोहरलाई आफ्नो सूचीमा सूचीबद्ध गर्ने गर्दछ । जुन विश्व सम्पदा समितिद्वारा चयन गर्ने गरिन्छ । सोही समितिले नै यस सम्पदा क्षेत्रको रेखदेख युनेस्कोको तत्वावधानमा हुनेछ ।

युनेस्कोको नेपालस्थित कार्यालयले विसं २०५२ मै पनौतीलाई मध्यकालीन वास्तुकला क्षेत्र जनाउँदै विश्व सम्पदामा सूचीकृत गर्न प्रस्ताव गरेको थियो । यसपछि सरोकारवालाको बेवास्ताले सूचीकृतको काम अन्योलमा रहँदै आएको नगरप्रमुख न्यौपानले बताए । पुरातत्व विभागद्वारा हाल पनौती नगरका ऐतिहासिक मठमन्दिर तथा पुराना कलात्मक शैलीका घरको पुन:निर्माण भइरहेको छ । पनौती नपाको वडा नं ५, ६ र ७ मा १०० भन्दा बढी ऐतिहासिक मठमन्दिर, पाटी, पौवा रहेका छन् । फ्रान्स सरकारको सहयोगमा विसं २०४८ देखि २०५५ सम्ममा ती मठमन्दिर, पाटी, पौवाको मर्मत एवं जीर्णोद्धार गरिएको थियो । पुरातत्व विभागका अनुसार नेपालको चार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको छ । जसमा काठमाडौं उपत्यका (उपत्यका सात क्षेत्र: काठमाडौं दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथको मन्दिर, स्वयम्भुनाथ, बौद्धनाथ र चाँगुनारायण मन्दिर), चितवन राष्ट्रिय निकुञ्ज, लुम्बिनी र सगरमाथा राष्ट्रिय निकुञ्ज रहेका छन् ।

नेपालले हालसम्म पनौतीसहित १५ ऐतिहासिक एवं पर्यटकीयस्थललाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न युनेस्कोसमक्ष प्रस्ताव गरेको छ । यसमध्ये पनौती विश्व सम्पदामा सूचीकृत पहिलो हुने देखिएको छ ।

भारतको प्रयागमा गंगा र यमुना नदीको संगममा गुप्तरुपले सरस्वती मिसन नदी बहेझैं पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पुण्यमाता नदीलाई लीलावती र गुप्तरुपले बहेकी ब्रम्हायणी मन्दिरको मुनिबाट दूध बग्ने नदीपद्ममावती मानिँदै आइएको छ ।

पनौती संघीय राजधानी काठमाडौँबाट पूर्वतर्फ २५ किलोमिटरको व्यापारिक नगर बनेपाबाट छ किलोमिटर दक्षिणमा पर्दछ । राजा प्रताप मल्लले विसं १७२७ मा रानीपोखरी बनाइसकेपछि विभिन्न तिर्थस्थलको जलराख्ने क्रममा पनौतीस्थित त्रिवेणीघाटको जल पनि राखेको शिलालेखमा उल्लेख गरिएको इतिहासविद्ले जनाएका छन् । तीन नदीको संगमस्थल त्रिवेणीघाटमा पुण्यमाता र रोशी खोलाबाहेक पद्ममावती नदी गुप्तरूपमा बहिरहेको मान्यता छ ।

# एकरूपता ल्याउन मासुको मूल्य निर्धारण




काठमाडौं (रासस)/ मासु व्यवसायीहरूले दशैंका लागि खसी तथा बोकाको मासुको मूल्य निर्धारण गरेका छन् । चाडपर्वको मौका छोपी आफूखुशी मूल्य लिनुभन्दा एकरुपता ल्याउन मूल्य निर्धारण गरिएको व्यवसायीहरूले बताएका हुन् ।

आन्द्राभुडी राखिएको मासु प्रतिकिलो एक हजार, बोसो राखिएकाको एक हजार २०० र ह्याकुलासहित रोजाइ (ग्राहकले रोजेअनुसार)को मूल्य एक हजार ३०० निर्धारण गरिएको हो । यस्तै कुखुराको मासु प्रतिकिलो ३०० तथा रागाँ र बङ्गुरको मासु पाँच/पाँच सय तोकिएको छ ।

राष्ट्रिय मासु व्यवसायी संघले फुलपातीका दिनदेखि लागू हुने गरी काठमाडौं उपत्यकासहित देशभर खसी, बोका, कुखुरा र राँगाको मासुको मूल्य निर्धारण गरिएको जनाएको हो । संघका अध्यक्ष रमेश खड्गीले खसी तथा बोकाको तीनथरि मूल्य निर्धारण गरिएको बताए ।

"संघबाट सबै मासु पसललाई निर्धारण गरिएको मूल्य कार्यान्वयनमा ल्याउनका लागि मूल्य सूची टाँस्न हामीले निर्देशन दिइसकेका छौं । तोकिएको मूल्यअनुसार मासु बिक्री वितरण नभए संघबाट कारबाही हुन्छ', उनले भने ।

अन्य समयको तुलनामा दशैंमा कुखुरा र बङ्गुरको मासुको खपत कम हुने गरेको छ । खड्गीका अनुसार खपत कम हुने मासुको मूल्यमा तलमाथि भएपनि खसी, बोका तथा राँगाको मूल्यमा दशैंको अवधिमा कुनै परिवर्तन हुनेछैन । यही असोज ६ गते वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दशैंका लागि मासुको गुणस्तर, मूल्य र सरसफाइमा ध्यान दिन निर्देशन दिएको थियो । मासु व्यवसायीसँग छलफल गर्दै विभागले गुणस्तरसँगै मूल्यमा एकरुपता ल्याउन आग्रह गरेकाले संघले मूल्य निर्धारण गरेको हो ।

# छोरी जन्माउने आमालाई सम्मान



काभ्रेपलाञ्चोक (रासस)/ नमोबुद्ध नगरपालिकामा छोरी जन्माउने आमालाई प्रोत्साहनस्वरुप नगदसहित सम्मान गरिएको छ । स्वास्थ्य संस्थामार्फत सुत्केरी भई छोरी जन्माएका आमालाई प्रोत्साहनस्वरुप विभिन्न शीर्षकमा नगदसहित सम्मान गरिएको हो ।

गत साउन १ देखि यही असोज १४ गतेसम्मको अवधिमा छोरीलाई जन्म दिने तथा स्वास्थ्य संस्थामा सुत्केरी हुने १४ आमालाई सम्मानसहित नगद प्रदान गरिएको छ । वडा नं ९ को सहयोगमा दाप्चा स्वास्थ्यचौकीले नगरका विभिन्न वडाका सुत्केरी आमालाई सम्मान कार्यक्रम आयोजना गरी नगरप्रमुख टिपी शर्मा तिमल्सिनाले सम्मान गर्दै प्रोत्साहन रकम प्रदान गरे ।

उक्त वडाले केही वर्षदेखि नै दाप्चा स्वास्थ्यचौकीमार्फत छोरी जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रममा सुत्केरी आमालाई छोरी जन्माएबापत वडाबाट प्रदान गरिने पाँच हजार, स्वास्थ्य संस्थामा सुत्केरी भएबापत दुई हजार, एम्बुलेन्स खर्चबापत एक हजार ८००, अन्य स्वास्थ्य संस्थामा रिफर भएर जानेलाई थप दुई हजार र चारपटक गर्भ जाँच गराएबापतको ८०० एकमुष्ट रुपमा प्रदान गरिएको वडाध्यक्ष मेलबहादुर तामाङले जानकारी दिए । उनले भने, "छोरी जन्माउने आमालाई निरन्तर सम्मान गर्दै जानेछौं, आमा र शिशुका लागि पोषणयुक्त खानपानमा वडाद्वारा आर्थिक सहयोग दिन थालेका छौं ।"

नगरप्रमुख तिमल्सिनाले नगरपालिकाले सडकलगायत पूर्वाधारमात्रै नभई चेतनाको विकाससमेत अपरिहार्य रहेको तथ्यलाई मध्यनजर गर्दै छोरी प्रोत्साहन, बुहारी सम्मान कार्यक्रम सञ्चालन गरिएको बताए । उनका अनुसार यस वर्ष महिलाको स्वास्थ्य, शिक्षा र आर्थिक अवस्थालाई मजबुद बनाउन थप नीति तथा कार्यक्रम तय गरिएको छ । नगरको मेथिनकोट अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नति गरिएको, दाप्चा स्वास्थ्यचौकीलाई नगर अस्पतालमा स्तरोन्नति गरिएको तथा नगरमा थप एम्बुलेन्सको व्यवस्था गरिएको उनले जानकारी दिए ।

नगर उपप्रमुख रामदेवी तामाङले नेपाली समाजमा छोरीलाई गर्भदेखि नै विभेद हुँदै आएको जनाउँदै त्यसलाई अन्त्य गर्ने उद्देश्यअनुसार छोरी जन्माउनेलाई प्रोत्साहित गर्ने कार्यक्रम ल्याइएको बताए । "छोराको आसमा दुईभन्दा बढी सन्तान नजन्माउनुहोस्, छोरी पनि छोरासरह हुन् भन्ने मानसिकता बनाउनुपर्छ, यस विभेदलाई पूर्णरुपमा अन्त्य गरेपछि मात्रै समुन्नत समाज निर्माण गर्न सकिन्छ", उनले भने । यसैबीच रोशी गाउँपालिकाले सुत्केरी हुन स्वास्थ्य संस्था जाँदा र घर फर्कंदा नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने भएको छ ।

गाउँपालिकाद्वारा बुधबार जारी विज्ञप्तिमा सुत्केरी हुन स्वास्थ्य संस्था जाँदा र घर फर्कंदा एम्बुलेन्सले भाडा लिन नपाउने तथा यदि लिएको पाइए तत्काल कार्यलयमा खबर गर्न अपिल गरिएको छ ।

# चाडपर्व विशेष योजना लागू




चितवन (रासस)/ चाडपर्व नजिकिँदै जाँदा जिल्ला प्रहरी कार्यालयले जिल्लामा विशेष सुरक्षा योजना लागू गरेको छ । योजनाअन्तर्गत विशेष गरी लामो दूरीका सवारी साधनमा हुने आपराधिक क्रियाकलाप नियन्त्रणका लागि काम भइरहेको छ ।

कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाका अनुसार लामो दूरीका सवारीमा हुनसक्ने आपराधिक क्रियाकलापलाई ध्यानमा राख्दै सादा पोसाकका तथा बर्दीका प्रहरी परिचालन गरिएको छ । उनीहरूले लामो दूरीका सवारी साधनमा हुने लुटपाट, चोरी र बढी भाडा लिने समस्या समाधानमा आउने कार्यालयले विश्वास लिएको उनले जानकारी दिए ।

यस्तै योजना कार्यान्वयनका क्रममा ६९ युनिटले आवश्यकता अनुसार आकस्मिक चेकजाँच, पिकेट कार्यक्षेत्रमा कडाइ, क्युआरटी टोलीलाई थप तथा परिचालन, आपराधिक घटना हुने क्षेत्रमा सादा पोसाकका प्रहरी परिचालनलगायत काम भइरहेका छन् । थापाका अनुसार बाटो अवरोध भएमा खुलाउन स्ट्राइकिङ टोली र आवश्यक सहयोगका लागि मौजुदा टोलीसमेत तयारी अवस्थामा राखिएको छ ।

यस कार्यका लागि जिल्लामा रहेका ७३७ प्रहरी जनशक्ति परिचालन गरिएको छ । चाडपर्व लक्षित सुरक्षा योजनाका कार्यक्रम नियमित हुने कार्यक्रमभन्दा फरक रहेको उनको भनाइ छ । चाडपर्वमा हुनसक्ने विभिन्न घटनालाई मध्यनजर गर्दै जिल्लाका ३० स्थानमा चौबिसै घण्टा विशेष टोली परिचालन गरिएको उनले जानकारी दिए ।

यस्तै चाडपर्वको समयमा अस्वाभाविक रुपमा हुने मूल्य वृद्धि र अखाद्य वस्तुको बिक्री वितरण हुन सक्ने सम्भावित जोखिमलाई कम गर्न स्थानीय प्रशासनसँगको सहकार्यमा बजार अनुगमनलगायतका काम भइरहेको छ ।

# पूर्वमन्त्री जोशी एकीकृत समाजवादीमा

काठमाडौं (रासस)/ नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं पूर्वमन्त्री भानुभक्त जोशी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) मा प्रवेश गरेका छन् । बिहीबार आयोजित कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जोशीलाई स्वागत गर्दै एमाले नेतृत्व श्वेच्छाचारी भएका कारण उक्त पार्टीबाट विद्रोह गरी यो पार्टी स्थापना गरिएको बताए ।

उनले जोशीलाई स्थायी कमिटी सदस्यमा मनोनित गर्न बैठकमा प्रस्ताव गरिने प्रतिबद्धता व्यक्त गरे । पूर्व प्रधानमन्त्री नेपालले आफ्नो पार्टीले लोकतन्त्र र संविधानको रक्षा गरी क्रान्तिकारी धारलाई सशक्तरूपमा अगाडि बढाउने बताए । उनले मुलुकको विकास र समृद्धिका लागि समाजवाद स्थापना गर्नुपर्नेमा पनि जोड दिए । सो पार्टीको स्थायी कमिटीको सातौं बैठक बिहीबार नै बसेका हुन् ।

# सात वाणिज्य बैंकले घोषणा गरे लाभांश

काठमाडौं (रासस)/ हालसम्म सात वाणिज्य बैंकले लाभांश घोषणा गरेका छन् । बैंकहरूले गत आर्थिक वर्ष २०७७/७८ को नाफाबाट शेयर धनीलाई लाभांश वितरण गर्ने प्रस्ताव गरेका हुन् ।

बिहीबारसम्म हिमालय, माछापुच्छ्रे, कुमारी, नेपाल इन्भेष्टमेन्ट, स्ट्याण्डर्ड चार्टर्ड, सानिमा र सिटिजन्स बैंक इन्टरनेशनलले लाभांशको प्रस्ताव गरेका हुन् । बैंकहरूले प्रस्ताव गरेको लाभांश स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक पुगेको छ । राष्ट्र बैंकले केही बैंकको लाभांश स्वीकृत गरिसकेको छ भने केहीको स्वीकृत हुन बाँकी छ ।

लाभांश प्रस्ताव गरेका सात वाणिज्य बैंकमध्ये सबैभन्दा धेरै लाभांश हिमालयन बैंकको छ । बैंकले शेयरधनीलाई कूल २६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ भने सबैभन्दा कम कुमारी बैंकले ८ दशमलव ६७ प्रतिशत लाभांश बाड्ने प्रस्ताव गरेको छ ।

बैंकहरूको लाभांश प्रस्तावलाई नेपाल राष्ट्र बैंकले स्वीकृत तथा बैंकको वार्षिक साधारणसभाले पारित गरेपछि मात्र शेयरधनीको हातमा लाभांश पर्नेछ । बैंकहरूले लाभांश घोषणा गर्न थालेपनि शेयरधनीले भने दसैंपछाडी मात्र लाभांश पाउने भएका छन् ।

विगतका वर्षमा केही वाणिज्य बैंकले दसैंअघि नै वार्षिक साधारणसभा बोलाएर शेयरधनीलाई लाभांश वितरण गर्ने गरेको भए पनि यो वर्ष भने शेयरधनीले दसैं अगाडि लाभांश नपाउने भएका हुन् ।

**कुन बैंकको कति ?**

गत आर्थिक वर्षको नाफाबाट हिमालयन बैंक लिमिटेडले शेयरधनीलाई २६ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ । बुधबार बसेको बैंक सञ्चालक समितिको बैठकले गत आर्थिक वर्षको नाफाबाट शेयरधनीलाई २१ दशमलव ३६ प्रतिशत बोनस शेयर र ४ दशमलव ६४ प्रतिशत नगद लाभांश गरी कूल २६ प्रतिशत लाभांश दिने प्रस्ताव गरेको हो ।

यस्तै, सानिमा बैंकले गत आर्थिक वर्षको नाफाबाट शेयर धनीलाई १७.८९प्रतिशत, नेपाल इन्भेष्टमेन्ट बैंकले १६ प्रतिशत र सिटिजन्स बैंक इन्टरनेसनलले १६ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेका छन् ।

गत आवको नाफाबाट माछापुच्छ्रे बैंकले शेयरधनीलाई १४ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । यो बैंकले कात्तिक २६ गतेका लागि साधारणसभा पनि बोलाइसकेको छ । यस्तैगरी, कुमारी बैंकले शेयरधनीलाई ८ दशमलव ६७ प्रतिशत र स्ट्याण्डर्ड चार्टर्ड बैंकले १३.०६ प्रतिशत लाभांश घोषणा गरेका छन् ।

**दसैंमा लाभांश नपाउने**

बैंकहरूले लाभांश घोषणा गर्न थालेपनि शेयरधनीले भने दसैंपछाडी मात्र लाभांश पाउने भएका छन् । विगतका वर्षमा केही वाणिज्य बैंकहरूले दसैं अघि नै वार्षिक साधारणसभा बोलाएर शेयरधनीलाई लाभांश वितरण गर्ने गरेको भए पनि यो वर्ष भने शेयरधनीले दसैं अगाडि लाभांश नपाउने भएका हुन् ।

नेपाल बैंकर्स संघका अध्यक्ष भुवन दाहालका अनुसार यस वर्ष बैंकहरूले ढिलो गरेर वित्तीय विवरण सार्वजनिक गरेकोले अन्य प्रक्रियामा समेत ढिलाइ हुँदा लाभांश वितरणमा ढिलाइ भएको हो । "यसवर्ष वित्तीय विवरण सार्वजनिकमा ढिलाइ भयो", उनले भने, "नेपाल राष्ट्र बैंकले भदौसम्मको आम्दानीलाई जोड्न पाउने व्यवस्था पनि गर्यो । यी व्यवस्थाले बैंकहरूले समय पनि पाए, त्यसैले पनि यसवर्ष दसैं आगाडि शेयरधनीलाई लाभांश दिन सकिएन ।"

दिपावली आसपासमा शेयरधनीले लाभांश पाउन सक्ने उनको भनाइ छ ।

हाल केही बैंकले साधारणसभा पनि बोलाइसकेका छन् । साधारणसभाले लाभांश पारित गरेपछि मात्र बैंकका शेयर धनीले लाभांश पाउनेछन् ।

**विकास बैंकमा कामना पहिलो**

सात वाणिज्य बैंकले लाभांश घोषणा गरे तापनि विकास बैंकमा लाभांश घोषणा गर्ने पहिलो बैंकमा कामना सेवा विकास बैंक भएको छ । बैंकले गत आर्थिक वर्ष २०७७/७८ को नाफाबाट १९.४७ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको हो ।

यही असोज ७ गते बसेको कम्पनी सञ्चालक समितिको बैठकले चुक्ता पुँजीको १८.५० प्रतिशत बोनस र कर प्रयोजनका लागि ०.९७ प्रतिशत नगद लाभांशसमेत गरी १९.४७ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो । प्रस्तावित १९.४७ प्रतिशत लाभांश गत चार वर्षयताकै उच्च हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# शैक्षिक परिवर्तनबाटै देश परिवर्तन: सभामुख श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले शैक्षिक परिवर्तन नभई देश परिवर्तन नहुने बताएका छन् ।

बिहीबार हेटौंडा एकेडेमीको दीक्षान्त समारोह २०७८ लाई सम्बोधन गर्दै समामुख श्रेष्ठले शिक्षाको विकास भए मात्रै देशको विकास हुने दाबी गरे । उनले हेटौडा एकेडेमीको शत-प्रतिशत बिद्यार्थीहरुले माध्यमिक शिक्ष परिक्षा सकेर उच्च शिक्षा हासिल गर्न जान लागेको भन्दै शुभकामना व्यक्त गरे ।

यसैबीच जिल्ला सरकारी वकिल कार्यालयका सहन्याधिवता सन्देश श्रेष्ठले हेटौडा एकेडेमी गुणस्तरीय शिक्षा प्रदान गर्ने हेटौंडाकै उत्कृष्ट शैक्षिक संस्था भएको बताए । उहाँले हेटौडा एकेडेमीमा पढेका विद्यार्थीहरु देशैभर फैलिएको भन्दै शिक्षालाई अझै गुणस्तरीय बनाउन आग्रह गरे ।

विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीले हेटौडा एकेडेमीले अन्य विद्यालय भन्दा फरक गतिविधि गर्दै आएको बताए ।

उनले शिक्षामा मात्र नभएर समाजको समग्र विषयमा विद्यार्थीलाई सिकाई प्रदान गरेको बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, हेटौडा उपमहानगरपालिकाका वडा अध्यक्ष सबिन न्यौपाने, हेटौडा उपमहानगरपालिकाका शिक्षा शाखाका प्रमुख गगांधर रिमाल, विद्यालयका प्रमुख कार्यकारी निर्देशक रमेश रिमाल, विद्यालयकी प्रधानाध्यापक गौरी चिमरीयाले मन्तव्य व्यक्त गरे । समारोहमा (एस.इ.इ) उर्तीण ५९ जना विद्यार्थीलाई विदाइ गरिएको छ ।

# नारायणी मलमा जुत्ता र कपडाको शोरुम




साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडाको पहिलो र एकमात्र व्यवसायिक भवन नारायणी मलमा जुत्ता र कपडाको ब्राण्डेड शोरुम सञ्चालनमा ल्याइएको छ ।

हेटौंडामा नारायणी मल्टि ब्राण्ड सप बिहीवारदेखि सञ्चालनमा आएको हो । शोरुममा विश्वका नाम चलेका कम्पनी एडिडास, लिभाइज, स्लेजिन्जर, एसिक्स, रिबुक ब्राण्डका जुत्ता र कपडा उपलब्ध रहेको सञ्चालक नवराज आचार्यले जानकारी दिए ।

उनले विश्वविख्यात विभिन्न ब्राण्डका जुत्ता तथा कपडाहरु एउटै शोरुममा पाइने बताए । सञ्चालनमा आएको छ । सञ्चालक आचार्य नारायणी मलका मालिकपनि हुन् ।

आचार्यले उपभोक्ताहरुलाई विश्वका चलेका ब्राण्डका जुत्ता र कपडा एउटै सपबाट बिक्रीको व्यवस्था मिलाउँदा सहज भएको बताए । 'हेटौंडामा सबै ब्राण्डका जुत्ता र कपडा एउटै शोरुममा नहुँदा उपभोक्ताहरुलाई भौतारिनु पर्ने समस्या थियो । अब त्यो समस्या हटेको छ । नारायणी मलको पहिलो तलामा शोरुम रहेको छ । यहाँ सबै ब्राण्डका जुत्ता र कपडा पाइनेछ ।,' आचार्यले भने ।

गुणस्तरीय र विश्वविख्यात ब्राण्डप्रति बढ्दो आकर्षण कारण शोरुम खोलिएको आचार्य बताउँछन् । शोरुमले नेपालीहरुको महान चाड विजया दशमीको अबसरमा हरेक सामग्री खरिदमा ५ प्रतिशत छुट प्रदान गरेको उनले जानकारी दिए । आचार्यले नारायणी मल्टि ब्राण्ड सप दुई करोड लगानीमा खोलेको बताए ।

# हेटौंडा रनमा मिजार प्रथम




साझाकुरा संवाददाता

हेटौंडा/नगर खेलकुद विकास समिति हेटौंडा उपमहानगर पालिकाको आयोजनामा हेटौंडा रन प्रतियोगिता भएको छ ।

हेटौंडा रनमा प्रतिस्पर्धीहरुले ६ किलोमिटर दौडिएका थिए । प्रतियोगितामा हेटौंडा-१४ का डेबिट मिजारले प्रथम स्थान हासिल गरेका छन् । उनले १५ हजार नगदसहित मेडल र प्रमाणपत्र पाए । हेटौंडा-१३ घर भएका अमृत सुनार द्वितीय र शशीप्रसाद विश्वकर्मा तृतीय भए ।

अमृतले १० र शशीप्रसादले ५ हजार नगदसहित मेडल तथा प्रमाण पत्र हात पारेका छन् । हेटौंडा उपमहानगर पालिकाका प्रमुख हरिबहादुर महतले विजेताहरुलाई पुरस्कार प्रदान गरेका थिए । बिहीवार बिहान महतले प्रतियोगिता उद्घाटन गरेका हुन् ।

उनले हरेक नागरिकले बिहानबिहान नियमित दौडिनु पर्ने बताए । शरिरलाई स्वस्थ बनाइराख्न संधै दौडिनु वा हिँड्नु पर्ने उनको भनाई छ । मानिसहरुको हिँड्ने बानी बसाल्न पनि दौड प्रतियोगिताहरु आयोजना गरिरहनु पर्ने महतले बताए ।

प्रतियोगितामा ४२ जनाले सहभागिता जनाएको नगर खेलकुद विकास समितिले जानकारी दिएको छ । 'खेल र दौडबाट नै शरिर स्वस्थ रहने भएकोले यस्ता प्रतियोगताहरु सबै क्षेत्रमा आयोजना गरिनु पर्छ ।,' महतले भने ।

कार्यक्रममा उपमहानगर पालिकाका उपमेयर मिना कुमारी लामा, प्रमुख प्रशासकिय अधिकृत शिबराज चौलागाईं, नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीलगायतको आतिथ्यता थियो ।

# कांग्रेसद्वारा जर्सीसेट सहयोग

हेटौंडा/मकवानपुरगढी-४ स्थित २ वटा क्लबलाई जर्सी तथा बुट सहयोग गरिएको छ ।

क्लबलाई नेपाली काँग्रेस मकवानपुरगढी ४ ले १० सेट फुटबल जर्सी र ८ सेट बुट सहयोग गरेको हो । कांग्रेस मकवानपुरगढी-४ का सभापति सुबास सापकोटाका अनुसार न्यु मनकामना युवा क्लबलाई १० सेट जर्सी तथा श्री सेर्के गुम्बा बन्दाडाँडा युवा क्लबलाई ८ सेट बुट सहयोग गरेको हो ।


## हार्दिक निमन्त्रणा

ओम बृद्धाश्रम हेटौंडा-२, चोकीटोलको १५ औं बार्षिक साधारणसभा तथा अधिवेशन तपशिलको निम्न मिति, समय र स्थान हुने भएकोले कार्यक्रममा उपस्थितिको लागि सम्पूर्ण सदस्य, आजीवन सदस्य, सहयोगीदाताहरुमा हार्दिक निमन्त्रणा गरिन्छ ।

तपशिल:
मिति: २०७८/०६/२३ गते शनिबार
समय: ११:०० बजे
स्थान: बृद्धाश्रमको आफ्नै

बुद्धिप्रसाद पौडेल (अध्यक्ष)

**ओम बृद्धाश्रम, हेटौंडा-२ चौकीटोल**


# रेडक्रस हेटौंडाद्वारा शुभकामना आदानप्रदान



साझाकुरा संवाददाता

हेटौंडा/नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखाले बडादशैं, तिहार, नेपाल सम्बत, छठलगायत चाडपर्वको अवसरमा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमको आयोजना गरेको छ ।

नेपाल रेडक्रस सोसाइटी हेटौंडा उपशाखाका सभापति शिबहरि दाहालको अध्यक्षता एवं बागमती प्रदेशको सामाजिक बिकास राज्यमन्त्री जुनेली श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा सामाजिक बिकास राज्यमन्त्री जुनेली श्रेष्ठलाई रेडक्रस अभियानमा महत्वपूर्ण योगदान दिएकोमा सम्मान गरिएको थियो ।

कार्यक्रमकै अबसरमा रेडक्रसका आजिवन सदस्यहरुलाइ आजिवन सदस्यताको प्रमाणपत्र समेत बितरण गरिएको नेरेसो हेटौंडाका सभापति दाहालले जानकारी दिए ।

हेटौंडा ४ पशुपति मन्दिरको सभाहलमा बिहीवार भएको शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रममा जिल्ला समन्वय समिती मकवानपुरका प्रमुख रघुनाथ खुलाल, नेपाल बुद्धिचाल संघका केन्द्रीय अध्यक्ष एकलाल श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य प्रताप बिष्ट तथा जिल्ला सभापति सुर्यचन्द्र न्यौपानेले मन्तव्य ब्यक्त गरेका थिए ।

हेटौंडा उपशाखाले हरेक वर्ष चार्डपर्वको अवसरमा शुभकामना आदानप्रदान तथा चियापान एवं रेडक्रस परिचयात्मक कार्यक्रमको आयोजना गर्दै आइरहेको उपशाखाका कोषाध्यक्ष हिक्मत श्रेष्ठले जानकारी दिए ।

# दसैंको अवसरमा ब्याडमिन्टन प्रतियोगिता

हेटौंडा/बिहीबार हेटौंडा उपमहानगरपालिका-५ मा ब्याडमिन्टन प्रतियोगिता भएको छ । वडास्तरीय युवा क्लब हेटौंडा-५ ले नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दिपावली एवम् छठ पर्वको अवसरमा आयोजना गरेको उक्त प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा १८ वटा टिमको सहभागिता रहेको थियो । जसमा दिब्य दुलाल र सागर न्यौपनेको टिम प्रथम भएको छ । उनीहरुले १० हजार रुपैयाँसंगै ट्रफि, मेडल प्रमाणप्रत्र प्राप्त गरेका छन् । यस्तै, प्रतियोगितामा विजयसिं ठकुरी र नरेन्द्र मोक्तान द्धितिय भएका छन् । उनीहरुले ५ हजार रुपैयाँसहित ट्रफि, मेडलसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

यसैगरी, प्रतियोगितामा राजकुमार राई र खेम राई, गौमत मानन्धर र सुनिल राउतको टिम तृतीय भएको छ ।

कोरोना संक्रमण दिनानुदिन बढ्दो छ । यस्तो अवस्थामा मास्क, स्यानिटाइज र साबुन पानीको अनिवार्य प्रयोग गरौं ।







| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |








## हार्दिक समवेदना

जन्म: २०२४/०६/३०



स्व. दिनेशकुमार मगर

स्वर्गारोहण: २०७८/०६/१८

यस समितिका सदस्य **दिनेशकुमार मगर**को असमायिक स्वर्गारोहणप्रति हामी अत्यन्तै मर्माहत भएका छौं । यस दु:खद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवार जनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अम्मरबहादुर लामा (अध्यक्ष) एवम्**
**सामाजिक संस्कार सेवा समिति, परिवार**
हेटौंडा, मकवानपुर



## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.



## निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

**घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?**



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब




हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५९०६४१, ९८५५०४२९६३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल